आज मिति २०७८।१०।१६ गतेका दिन यस सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको बैठक (बैठक नं. १४) यस गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्माको अध्यक्षतामा बसी तपसील बमोजिमका निर्णयहरु गरियो ।

## तपसील

१. श्री झग बहादुर विश्वकर्मा – अध्यक्ष
२. श्री मिना कुमारी सोमै – उपाध्यक्ष
३. श्री बसन्त बहादुर जि.सी. – २ नं. वडाध्यक्ष
४. श्री चित्र बहादुर सोमै – ४ नं. ''
५. श्री भिम बहादुर मर्साङ्गी – ३ नं. ''
६. श्री तुल बहादुर रोका – ६ नं. ''
७. श्री मुकुन्दराज शर्मा – १ नं. ''
८. श्री सन्त बहादुर बराल मगर – ५ नं. ''
९. श्री मोहम्मद हलिम हलुवाई – कार्यपालिका सदस्य
१०. श्री टंक प्रसाद सुनार – '' ''
११. श्री सुशिला के.एम. – '' ''
१२. श्री चन्द्रिमा थापा – '' ''
१३. श्री जिवा सुनार – '' ''
१४. श्री खिमा सुवेदी – '' ''
१५. श्री शारदा रसैले – प्रमुख प्रशासकीय अधिकृत

## अन्य उपस्थिति

१. श्री मनिबहादुर गुरुङ, ना.सु.
२. श्री मोहम्मद वजिर आलम, लेखापाल
३. श्री सुखदेव गौतम, का.स.
४. श्री धनबहादुर राना, ''

प्रस्ताव नं.१ योजना संसोधन तथा रकमान्तर सम्वन्धमा ।

गाउँसभाबाट अनुमोदन गर्ने गरी

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाका ६ वटा वडाहरुमा देहायवमोजिम योजना संसोधन गर्ने निर्णय गरियो ।

क) वडा नं. १

धामी समाज बीचटोल मोटरबाटो, दीपाटोल छात्रावास मोटरबाटो निर्माण र खण्टार टोल झरणटोलमा स्यालो ट्युवेल निर्माणमा विनियोजन भएको जम्मा रकम रु २९५०००। वजेटलाई १ नं. वडाकै १७ वटा डीप बोरिङलाई मोटर उपलब्ध गराउनको लागि विनियोजन गर्ने निर्णय गरियो ।

ख) वडा नं. २

ददेरी खानेपानी, भुताहा खोला खानेपानी र चिसापानी खानेपानी योजनालाई ददेरी वृहत खानेपानी योजना नामकरण गरी एउटै योजना बनाएर बजेट विनियोजन गर्ने निर्णय गरियो ।

अमिलढीक सिँचाइ योजनाको रु २ लाख वजेट र डुङडुङे खानेपानीको रु १ लाख वजेट गरी रु ३ लाख वजेट अमिलढीक डुङडुङे मोटरबाटोमा विनियोजन गर्ने निर्णय गरियो ।

ढाँड डिप बोरिङको वजेटलाई रकमान्तर गरी ढाँड खानेपानी योजनामा वजेट थप गर्ने निर्णय गरियो ।

ग) वडा नं. ३

झुल्के चौपारी निर्माणको लागि विनियोजन गरीएको रु २५०००। लाई पनि राना चौपारीको लागि विनियोजन गरिएको रु २५०००। मा थप गरी कार्य गर्ने निर्णय गरियो ।

कास्कोट बागेशाल मोटरबाटो मर्मतमा विनियोजन गरिएको ८००००। लाई सरस्वती मा .वि. चाभाको मञ्च निर्माणको लागि विपनयोजित बजेट २५००००। मा थप गरी जम्मा रु.३३००००। विनियोजन गर्ने निर्णय गरियो ।

कास्कोट मदरसा पाली  निर्माण तथा व्यवस्थापनको लागि विनियोजित रु. २ लाख बजेटलाई कबरस्थान हंरापुर कास्कोट  तारबार तथा प्रतिक्षालय निर्माणको लागि विनियोजित वजेट रु.३५००००। मा थप गरी जम्मा रु.५५००००। विनियोजन गर्ने निर्णय गरियो ।

कास्कोट मोटरबाटोको रु १५०००० बजेट मध्य रु ५००००। पालुथान मदरसा लोडग्राड जोड्ने मोटरबाटोमा थप गर्ने निर्णय गरियो ।

घ) वडा नं. ४.

मान्द्रे र केवरपानीमा नयाँ खोपकेन्द्र निर्माणका लागि विनियोजित बजेट रु १०००००। लाई धुवांगमा खोपकेन्द्र निर्माणमा विनियोजित रकम रु. २००००० मा थप गर्ने निर्णय गरियो ।

वुढीखोला बेलनसिंगको खानेपानीको ३५००००। मा विभिन्सीडको रु.२०००००। थप्ने निर्णय गरियो ।

अम्मरे खानेपानीको  रिजर्व टंकी मर्मतको शिर्षक अम्मरे सिँचाइ पोखरी मर्मत भनेर नाम परिवर्तन गर्ने निर्णय गरियो ।

भोज बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

ड) वडा नं. ५.

जस्पुर गोलधारा कुथुके गोरेटोबाटोलाई जस्पुर गोलधारा कुथुके मोटरबाटो नामकरण गर्ने निर्णय गर्ने ।

नमुना प्रा.वि.सौराकोटको लागि विनियोजन गरिएको रु ४०००००। मध्य ८० प्रतिशत काम सम्पन्न भइसकेको भन्ने प्रविधिक मूल्यांकन र वडा समितिको सिफारिस समेतको आधारमा पेश्की बापत रु २५६०००। भुक्तानी दिने निर्णय गरियो ।

च) वडा नं. ६.

ऐश्वर्य प्रा.वि.तारवार ५०।५० हजार दुई ठाउँमा भएकोलाई ऐश्वर्य प्रा.वि.तारवारमा १ लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

ढोलेपानी खानेपानी र पधेराखोला कुवा मर्मतको वजेट पाडकोट सिम्ले वड्डाँडा मोटरबाटोमा थप गर्ने र सो योजनाको नाम परिवर्तन गरी पाडकोट कटेनीछेडा सिम्ले मोटरबाटो कायम गर्ने ।

ज) वडा नं. १ र २ को लागि अनमोदन गरिएको कृषक समूह गठन तथा परिचालन योजनाको नाम परिवर्तन गरी कृषी तथा पशुपालन व्यवस्थापन समूह ~~कायम गर्ने निर्णय गरियो~~। परिचालन पारिश्रमिक कायम गरियो।

झ) परजिवी नियन्त्रण औषधी र भ्याक्सीन खरिदमा विनियोजन गरिएको रु १ लाख वजेट लाई परजिवी नियन्त्रण भनेर वडा नं.१ मा रु ५००००। र वडा नं. ६ मा रु .५०००० । विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २. गाउँ शिक्षा समिति गठन सम्वन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७४।१०।२२ गते सरुमारानी गाउँपालिकामा गाउँपालिका स्तरीय शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३. बजेट विनियोजन गर्ने सम्वन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दासरुमारानी गाउँपालिका वडा नं. ५ को हात्तीखालमा १० वटा तारजाली र वडा नं. २ को वगालेमा १० वटा तारजाली खरिद गरेवापत ~~विपद् व्यवस्थापन~~ मर्मत सम्भार कोषबाट रु ५२५००। विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४. ताबुत खरिद सम्वन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको वडा नं. ३ मा ताबुत खरिदको लागि मर्मत सम्भार कोषबाट आवश्यक रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

भज बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

**प्रस्ताव नं. ५. कार्यदल गठन सम्वन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकामा रोजगारी र स्वरोजगारीको सिर्जना गर्न प्राविधिक शिक्षाको आवश्यकता भएकोले सिटिइभिटी को मान्यता प्राप्त प्राविधिक शिक्षालय स्थापनाको लागि आवश्यक अध्ययन गरी २०७४ फाल्गुन मसान्तभित्र प्रतिवेदन पेश गर्ने गरी निम्नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो :

बसन्त बहादुर जि.सी. संयोजक

चिन्त बहादुर सोमै सदस्य

मुकुन्दराज शर्मा सदस्य

**प्रस्ताव नं. ६. प्रतिवेदन पेश गर्ने सम्वन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाका विभिन्न विषयगत समितिहरुले फागुन मसान्तभित्रमा आ आपनो विषयक्षेत्रसँग सम्वन्धित विषयमा गर्नुपर्ने काम, तय गर्नुपर्ने निति, मापदण्ड, योजना लगायत विषय उल्लेख गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७. सहयोग सम्वन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस प्युठान जिल्लामा सञ्चालन हुने महोत्सवको लागि प्युठान जिल्लाको उद्योग वाणिज्य संघलाई यस गाउँपालिकाको चालु तर्फको संस्थालाई दिइने अनुदान शिर्षकवाट रु.५००००। सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८. सूचना अधिकारी तोक्ने सम्वन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत ना.सु.श्री मनि बहादुर गुरुडलाई यस कार्यालयको सूचना अधिकारी तोक्ने निर्णय गरियो । साथै हरप्लेससँग समन्वय गरी सुशासनसँग सम्वन्धित विषयमा अगाडी बढ्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९. आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकामा बसोबास गर्ने तपसील बमोजिमका विपन्न असहाय, दीर्घरोगी र विपदमा परेका व्यक्तिहरुलाई विभिन्न कोषहरुबाट आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | नाम | ठेगाना | सहयोग रकम | सहयोग कोष |
|---|---|---|---|---|
| १. | संजिला कार्की | सरुमारानी ५ प्युठान । | रु.२००००। | दीर्घरोग स्वास्थ्य कोष |
| २. | विकास गाहा मगर | सरुमारानी ४ प्युठान । | रु.२००००। | दीर्घरोग स्वास्थ्य कोष |
| ३. | सालिकराम सारु | सरुमारानी २ प्युठान । | रु.२००००। | दीर्घरोग स्वास्थ्य कोष |
| ४. | प्रदीप बहादुर क्षेत्री | सरुमारानी २ प्युठान । | रु.२००००। | दीर्घरोग स्वास्थ्य कोष |

| | | | | |
|---|---|---|---|---|
| ५. | सपना सुनार | सरुमारानी ३ प्युठान । | रु.२००००। | दीर्घरोग स्वास्थ्य कोष |
| ६. | लछुमा देवी थापामगर | सरुमारानी ४ प्युठान । | रु.१००००। | दीर्घरोग स्वास्थ्य कोष |
| ७. | वासुदेव गिरी | सरुमारानी ४ प्युठान । | रु.१५०००। | दीर्घरोग स्वास्थ्य कोष |
| ८. | बुध कुमारी सोमैमगर (सरिता सोमै) | सरुमारानी ४ प्युठान । | रु.१००००। | विपन्न असहाय कोष |
| ९. | खुमी धामी | सरुमारानी १ प्युठान । | रु.१००००। | विपद व्यवस्थापन कोष |
| १०. | दानी गुरुङ | सरुमारानी ३ प्युठान । | रु.५०००। | विपद व्यवस्थापन कोष |

**प्रस्ताव नं. १०.संचार र इन्धन खर्च सम्वन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष,वडा अध्यक्ष र कार्यपालिका सदस्यहरुलाइ देहायबमोजिम संचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

गाउँपालिका अध्यक्ष मासिक रु ३०००।

गाउँपालिका उपाध्यक्ष मासिक रु २०००।

वडा अध्यक्ष मासिक रु १५००।

कार्यपालिका सदस्य मासिक रु १०००।

प्रमुख प्रशासकीय अधिकृत रु ३०००।

गाउँकार्यपालिकामा कार्यरत ना.सु रु ३०००।

आर्थिक प्रशासन शाखा प्रमुख रु ३०००।

साथै इन्धन बापत गाउँपालिकाका अध्यक्षलाई मासिक रु ३०००। र उपाध्यक्षलाई मासिक रु. २०००। उपलवध गराउने निर्णय गरियो ।

आगामी बैठक आवश्यकता अनुसार बस्ने गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

Scanned with CamScanner